नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

च.नं.
प.स. २०८२/०८३

मिति २०८२।११।१३

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ को प्रचारप्रसार अवधिभित्र फागु पूर्णीमा (होली पर्व) पर्न गएकोले निर्वाचन सुरक्षा संवेदनशीलता र निर्वाचन आचारसंहिता परिपालनालाई ध्यानमा राखी जिल्ला स्थित सम्पूर्ण राजनैतिक दलहरु,उम्मेद्वार, दलका प्रतिनिधि, मतदाता तथा सम्पूर्ण जिल्लावासीहरु बीच आपसी सद्भाव,शान्ति र सौहार्दपूर्ण वातावरण निर्माण हुने अपेक्षा सहित शुभकामना व्यक्त गर्दै निर्वाचन एवम् चाडपर्वका सन्दर्भमा देहाय अनुसार गर्नु/गराउनुहुन सार्वजनिक अपिल गर्दछौं ।

१)होली/फागु पर्वलाई धार्मिक एवम् साँस्कृतिक दृष्टीले मर्यादित,सभ्य र अनुशासित ढंगले मनाउनुका साथै निर्वाचन सुरक्षा र निर्वाचन आचारसंहिता पालना गर्न देहाय बमोजिम गर्न/गराउन सम्पूर्ण राजनैतिक दल,उम्मेदवार दलका प्रतिनिधि,नागरिक समाज तथा आम सर्वसाधारणहरु सबैलाई हार्दिक आह्वान गर्दछौं ।

२) भिडभाड,जम्मा वा भेला हुने कुनै कार्यक्रम आयोजना गर्नु पूर्व नै जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिनु पर्ने ।

३) चाड पर्व मनाउने नाममा कसैको पनि व्यक्तिगत ईच्छा वा चाहना विपरितका क्रियाकलापहरु नगर्ने/नगराउने ।चाडपर्व मनाउने सन्दर्भमा सार्वजनिक शान्ति, मर्यादा र सहिष्णुतामा खलल पुऱ्याउने कुनै पनि क्रियाकलापहरु नगर्ने/नगराउने ।

४) मादक पदार्थको बिक्री वितरण एवम् उपभोगलाई पूर्ण रुपमा रोक लगाउने ।मादक पदार्थ सेवन गरी सार्वजनिक स्थलहरुमा होहल्ला गर्ने एवम अन्य व्यक्ति वा समूहलाई असर गर्ने गरी साउण्ड सिस्टमको प्रयोग नगर्ने/ नगराउने ।

<u>पुनश्चः</u> कोही कसैले निर्वाचन आचारसंहिता एवम् अन्य प्रचलित कानुनको विपरित हुने गरी कुनै गतिविधिहरु गरेको पाईएमा कानुन बमोजिम कारबाहीको भागिदार हुनु पर्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

०८२/११/१३
..............................
ऋषिराम सुवेदी
(सहायक प्रमुख जिल्ला अधिकारी)